(सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०८३ साल वैशाख १ गते देखि २०८३ साल असार मसान्त सम्म सम्पादित

# प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

नेपाल सरकार

भूमि व्यबस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## नापी विभाग

मीनभवन, काठमाडौं

फोन नम्बर ०१४१०६५०८ ईमेल info@dos.gov.np

२०८३ साउन, ०५

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (१)** अनुसारका सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्ने र सो को जानकारी अनिवार्य रुपमा आयोगलाई गराउने व्यवस्था अनुरुप सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम यस नापी विभागको देहायका विवरणहरु प्रकाशन गरिएको छ।

**(क) निकायको स्वरुप र प्रकृतिः-**

नापी विभागको स्थापना वि.सं. २०१४ सालमा भएको हो। देशको आर्थिक तथा सामाजिक विकासका निमित्त आवश्यक पर्ने नक्सा तथा भौगोलिक सूचनाहरु देशमै उत्पादन गरी सर्वसुलभ बनाउने र यस क्षेत्रमा कार्यरत देशका अन्य सरकारी, सार्वजनिक निकायसँग समन्वय गरी नापनक्सा तथा भौगोलिक सूचना उत्पादनमा एकरुपता कायम गर्ने प्रमुख उद्देश्यका साथ स्थापित यस विभागले नेपालको राष्ट्रिय नाप-नक्सा निकाय (National Mapping Organization, NMO) को भूमिका निर्वाह गरिरहेको छ।

**(ख) प्रमुख उद्देश्य र कार्यक्षेत्रः-**

देशको राष्ट्रिय नापनक्सा निकायको रुपमा भूमिका निर्वाह गरिरहेको यस विभागलाई तोकिएको प्रमुख कार्यक्षेत्र देहाय बमोजिम रहेको छ।

- देशभरमा नापनक्साको लागि आवश्यक पर्ने नियन्त्रण विन्दुहरुको स्थापना, खगोलीय सर्भेक्षण, प्रक्षेपण प्रणाली/जिओइड/इलिप्सोइड परिभाषित गर्ने, सम्भावित भौगोलिक दुर्घटनाको पूर्वअनुमान गर्न सुक्ष्मचालको अध्ययन गर्ने, खगोलीय गतिविधिको पर्यवेक्षण गर्ने लगायतका कार्यहरु सम्पादन गर्ने।
- विभिन्न माननापमा नक्सा तथा भौगोलिक सूचनाहरु उत्पादन तथा वितरण गरी सर्वसुलभ गराउने (उदाहरणको लागि राष्ट्रिय श्रृंखलाका विभिन्न माननापका स्थलरुप नक्साहरु, प्रशासनिक नक्साहरु, थिम्याटिक नक्साहरु, विभिन्न नक्सासँग सम्बन्धित डिजिटल डाटा, हवाईफोटो आदि)।
- कित्तानापी मार्फत देशको जग्गा प्रशासन तथा व्यवस्थापनको लागि आवश्यक भूमि लगत तयार गर्ने तथा यसरी तयार गरिएको भूमि लगतलाई नियमित रुपमा नापनक्सा गरी अद्यावधिक गर्ने।
- नेपाल सरकारलाई अन्तराष्ट्रिय सीमा नापनक्सा सम्बन्धी प्राविधिक परामर्श प्रदान गर्ने।

माथि उल्लेख भए बाहेक राष्ट्रिय नापनक्सा निकायको हैसियतले नापी विभागले सम्पादन गर्ने अन्य महत्वपूर्ण कार्यहरुमा देशभरको नापनक्सा कार्यको नियमन, सार्वजनिक खर्चबाट तयार गरिने नापनक्सा तथा भू-सूचनाहरुका लागि स्पेसिफिकेशन स्वीकृत गर्ने, अन्तर्राष्ट्रिय पेशागत संघसंस्था तथा निकायहरुसँग सहकार्य, नापनक्सा क्षेत्रमा माग बमोजिम परामर्श प्रदान आदि पर्दछन्।

यस विभाग अन्तर्गत स्थलरुप नापी तथा भू-उपयोग व्यवस्थापन महाशाखा, खगोल तथा भू-मापन महाशाखा, कित्तानापी महाशाखा र भौगोलिक सूचना पूर्वाधार महाशाखा छन्। स्थलरुप नापी तथा भू-उपयोग व्यवस्थापन महाशाखाबाट विभिन्न माननापका स्थलरुप नक्सा, नेपालको प्रशासनिक नक्सा तयार गर्ने, हवाई फोटो लिने र

भू-उपयोग नक्सा प्रकाशन तथा वितरण गर्ने कार्य हुन्छ। खगोल तथा भू-मापन महाशाखाबाट नाप नक्साको लागि नियन्त्रण विन्दुको संजाल स्थापना, मर्मत सम्भार तथा समतलन सर्भेक्षण कार्य हुन्छ। कित्तानापी महाशाखाबाट सबै जिल्लास्थित नापी कार्यालय तथा विशेष नापी कार्यालय मार्फत नापनक्सा कार्य तथा डिजिटल डाटा तयार गर्ने काम हुन्छ र भौगोलिक सूचना पूर्वाधार महाशाखाबाट भौगोलिक सूचनाको भण्डारण तथा विक्री वितरण तथा डिजिटल डाटा तयार गर्ने कार्य हुन्छ।

**(ग) निकायको काम, कर्तव्य र अधिकारः-**

विभाग अन्तर्गतका कार्यालयहरुबाट संचालन हुने कार्यक्रमहरुको बजेट तथा कार्यान्वयन कार्य योजना तयार गर्ने। मातहत निकायहरुबाट भए गरेका कार्यको नियमित अनुगमन सुपेरिवेक्षण गर्ने। सम्पूर्ण महाशाखा, आयोजना तथा कार्यालयहरुमा कर्मचारी खटन पटन गर्ने र सम्पूर्ण प्रशासनिक तथा आर्थिक क्रियाकलाप संचालन गर्ने। महाशाखा, नापी कार्यालयहरुमा रहेका प्राविधिक समस्याहरुको निराकरण गर्ने।

**(घ) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः-**

नापी विभागमा जम्मा कर्मचारी संख्या ३०४२ रहेको जसमा महानिर्देशक, उप-महानिर्देशक, निर्देशक, प्रमुख नापी अधिकृत, उप-सचिव (लेखा), उप-सचिव (प्रशासन), नापी अधिकृत, शाखा अधिकृत, लेखा अधिकृत, कानून अधिकृत, कम्प्यूटर इन्जिनियर, नायव सुब्बा सर्भेक्षक, खरिदार, लेखापाल, कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर र अमिनको दरबन्दी पर्दछ। प्रत्येक पदको कार्य विवरण तयार भइ सोही बमोजिम कार्य संचालन हुँदै आएको छ।

**(ङ) निकायबाट प्रदान गरिने सेवाः-**

नापनक्सा, जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण तथा विभिन्न प्रकारका नक्सा विक्री र हवाई फोटो संकलन, सीमा सर्भेक्षणमा प्राविधिक सहयोग र नियन्त्रण विन्दु स्थापना गर्ने, भू-उपयोग नक्सा प्रकाशन तथा बिक्री वितरण गर्ने आदि कार्य गर्ने र प्राविधिक विषयमा कार्यालयले माग गरेको निर्देशन प्रदान गर्ने।

**(च) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारीः-**

| निकाय | सेवा | जिम्मेवार अधिकारी |
|---|---|---|
| कित्तानापी तथा नापी कार्यालय सुधार कार्यक्रम | कित्तानापी सम्बन्धी डिजिटल डाटा बिक्री वितरण | उप-महानिर्देशक |
| स्थलरुप नापी तथा भू-उपयोग व्यवस्थापन महाशाखा | स्थलरुप नक्सा बिक्री वितरण | उप-महानिर्देशक |
| खगोल तथा भू-मापन महाशाखा | नियन्त्रण विन्दुहरुको नियामक र विवरण कार्ड उपलब्ध गराउने | उप-महानिर्देशक |
| भौगोलिक सूचना पूर्वाधार महाशाखा | डिजिटल डाटा बिक्री वितरण | उप-महानिर्देशक |

**(छ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः-**

नेपाल सरकारद्वारा विभिन्न समयमा निर्णय गरी सेवा दस्तुर सम्बन्धी निर्धारण गरिएको छ। सो सम्बन्धी विवरण नागरिक वडापत्र मार्फत सार्वजनिक गरिएको छ। साथै सेवा दस्तुर विभिन्न पत्र पत्रिका, वार्षिक मुखपत्र मार्फत समेत सार्वजनिक गर्ने गरिएको छ।

**(ज) निर्णय गर्ने प्रक्रिया र अधिकारीः-**

सम्बन्धित शाखाका अधिकृत स्तरका पदाधिकारीवाट टिप्पणी उठाइ उप-महानिर्देशक/महानिर्देशकज्यूबाट निर्णय हुने गरेको छ।

**(झ) निर्णय उपर उजुरी सुन्ने अधिकारीः-**

उप-महानिर्देशकले गरेको निर्णय उपर महानिर्देशक र महानिर्देशकले गरेका निर्णय उपर भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिव समक्ष उजुरी गर्न सकिने।

**(ञ) सम्पादन गरेको प्रमुख कामको विवरणः-**

**यस अवधिमा भएका प्रमुख कार्यहरु निम्न छन्।**

- नापी कार्यालयहरुमा Online प्रविधिमा आधारित मेरोकित्ता र NeLIS प्रणाली विस्तार भएबाट हाल सम्म १३५ वटा नापी कार्यालयमा प्रणाली संचालनमा रहेको।
- नेपाल-भारत सीमा सम्वन्धी द्विपक्षीय फिल्ड कार्य सम्पन्न भएको।
- सशस्त्र प्रहरी बलका कर्मचारीहरुका लागि नक्सा अध्ययन तथा अभिमुखिकरण तालिम संचालन भएको।
- नेपाल-भारत, नेपाल-चीन सीमा सम्बन्धी नापी विभागमा संग्राहलय तथा अभिलेखालय तयार भएको।
- स्थानीय तहहरुको माग बमोजिम हाल सम्म ३८८ पटक भू-उपयोग कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गरिएको।
- ठूलो माननापको स्थलरुप नक्सा तयारी कार्यका लागि Field verification and data collection सम्पन्न भइ Database तयार भइरहेको।
- गण्डकी प्रदेशको तनहुँ, नवलपरासी (ब.सु.पू), बागमती प्रदेशको चितवन, मकवानपुर र मधेश प्रदेशको पर्सा जिल्लाको करिब ४००० वर्ग कि.मी क्षेत्रको LiDAR प्रविधिबाट Surveying and Mapping कार्यको लागि Orthophoto generation सम्पन्न र LiDAR Data classification को कार्य भइरहेको।
- Geoportal संचालन तथा व्यवस्थापन कार्यका लागि Geoportal को Annual maintenance गरी Version upgrade गरिएको।
- बागमती प्रदेश अन्तर्गतका नापनक्सा हुने जिल्लाहरुमा नियन्त्रण विन्दु स्थापनाको कार्य सम्पन्न भएको।
- मधेश प्रदेशमा Gravity point हरुको Monumentation गरी उक्त विन्दुहरुमा Gravity Observation को field कार्य सम्पन्न भएको।
- CORS station मा GNSS observation सम्पन्न भइ GNSS data processing को कार्य सम्पन्न भएको।

सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः-

१) दयानन्द जोशी, निर्देशक, सूचना अधिकारी मोबाइल नं. ९८५१२४६७६९

२) प्रकाश जोशी, महानिर्देशक मोवाइल नं. ९८५११०४१५५

(ट) ऐन, नियम, विनियम, निर्देशिकाको सूचीः-

देहाय वमोमजिमका ऐन, नियम तथा निर्देशिका मार्फत सेवा प्रवाह कार्य भईरहेको छ।

- जग्गा (नाप जाँच) ऐन, २०१९,
- जग्गा (नाप जाँच) नियमावली, २०५८,
- जग्गा नाप जाँच तथा नक्सा श्रेस्ता अद्यावधिक सम्बन्धी निर्देशिका, २०८१,
- गाँउ ब्लक क्षेत्रको नाप जाँच सम्वन्धी निर्देशिका,२०७७,
- द्वन्दबाट भूमिलगत क्षति भएका क्षेत्रको नाप जाँच गरी पुर्नस्थापना गर्ने सम्बन्धी निर्देशिका २०७१,
- डिजिटल प्रणाली मार्फत जग्गाको नाप नक्सा तथा जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाह निर्देशिका, २०७८,
- मानव रहित हवाई उपकरण (Unmanned Aerial Vehicle, UAV) मार्फत डिजिटल कित्तानापी कार्य संचालन विधि, २०७९ ,
- हवाई सर्वेक्षण अनुमति कार्यविधि, २०७९

(ठ) तोकिए बमोजिम अन्य विवरणः-

(क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरणः-

विभिन्न महाशाखा अन्तर्गत सालवसाली रुपमा देहाय अनुसारको कार्यक्रम संचालन भइरहेको ।

- कित्तानापी कार्यक्रम तथ नापी कार्यालय सुदृढीकरण कार्यक्रम
- खगोल तथा भू-मापन कार्यक्रम
- स्थलरुप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम

(ख) सार्वजनिक निकायको वेभसाईट भए सो को विवरणः- www.dos.gov.np

(ड) बेरुजु फछ्यौंट सम्बन्धी विवरणः-

- फछ्यौंट भएकोः रु. २२९६१०००/-(३०.४६% बेरुजु फछ्यौंट भएको)
- जम्मा बेरुजुः रु.५२४२००००/-

८ (ख१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:-

- वैदेशिक सहायता नरहेको,
- नेपाल सरकारबाट विनियोजित बजेट अनुसार भौतिक तथा वित्तीय प्रगतिको विवरण

| क्र.सं. | बजेट उपशीर्षक | आर्थिक वर्ष २०८२/८३ असार मसान्त सम्मको भौतिक तथा वित्तीय प्रगति प्रतिशतमा | |
|---|---|---|---|
| | | भौतिक | वित्तीय |
| १ | नापी विभाग | ९९.१२ | ९०.४५ |
| २ | नापी कार्यालयहरु | ९८.१५ | ९०.६० |
| ३ | कित्तानापी तथा नापी कार्यालय सुधार कार्यक्रम | ९८.४५ | ८६.३५ |
| ४ | स्थलरुप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | ९९.१३ | ९४.६६ |
| ५ | खगोल तथा भू-मापन कार्यक्रम | ९९.७२ | ८६.३४ |
| | जम्मा | ९८.३६ | ९०.३२ |

८(ख२) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचना

- नापी विभागबाट उत्पादन भइ वितरण हुने डिजिटल डाटाहरुको विवरण "डिजिटल डाटाको वितरण प्रयोग र नियमन निर्देशिका, २०६९" मा भएको व्यवस्था वमोजिम हुने।

८(ख३) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:-

यस अवधिमा सुचना माग सम्बन्धी ३ वटा निवेदन परेकोमा ३ वटै निवेदन फछ्यौंट भएको ।

**(ढ) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण:-**

Journal on Geoinformatics, Nepal (वार्षिक), विभिन्न राष्ट्रिय स्तरका पत्र पत्रिकाहरु, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन र नापी विभागको website-www.dos.gov.np मार्फत विभिन्न सूचनाहरु सम्प्रेषण हुँदै आएको ।